# गौरीगञ्ज राजपत्र

गौरीगँज गाउँपालिकाद्वारा प्रकाशित

## खण्ड २ संख्या २, आषाढ ३१ गते, २०७६ साल

## भाग १


गौरीगञ्ज गाउँपालिकाको चौथो गाउँसभाले बनाएको तल लेखिए बमोजिम ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

# गौरीगञ्ज गाउँपालिकाको विनियोजन ऐन, २०७६

**खण्ड २  संख्या २, आषाढ ३१ गते, २०७६ साल**

# गौरीगञ्ज  गाउँपालिकाको आर्थिक बर्ष २०७६/२०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मितिः २०७६/०३/३१

**प्रस्तावनाः**.  गौरीगञ्ज गाउँपालिकाको आर्थिक बर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकमविनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम  गौरीगञ्ज गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्तनामर प्रारम्भः (१)**यस ऐनको नाम "गौरीगञ्ज गाउँपालिकाको विनियोजन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७६/०७७ को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकार**ः (१) आर्थिक वर्ष २०७६/०७७ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.  ५२,०७,२३,०००।०० (अक्षेरुपी बाउन्न करोड सात हजार तेइस रुपैयामात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६/०७७ को निमित्त गौरीगञ्ज गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमाबाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) माखजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १०खप्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

प्रमाणिकरण मिति : २०७६ श्रावण ४. गते

आज्ञाले
राजकुमार शाक्य
प्रमुख प्रशासकीय अधिकृत

अनुसूचि-१
(दफा२ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चितकोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| **क्र.सं.** | **अनुदान संख्या** | **शीर्षकको नाम** | **चालु खर्च** | **पूँजिगत खर्च** | **वित्तिय व्यवस्था** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| 1 | 2 | 3 | 4 | 5 | 6 | 7 |
| 1 | | गाउँ/नगरकार्यपालिका | | | | |
| 2 | | वडा समिति | | | | |
| 3 | | बिषयगत शाखा | | | | |
| 4 | | ऋणको सावाव्याजभुक्तानी | | | | |
| 5 | | लगानी (शेयर/ऋण) | | | | |

प्रमाणिकरण मिति : २०७६ श्रावण ४. गते

आज्ञाले
राजकुमार शाक्य
प्रमुख प्रशासकीय अधिकृत